नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिन्धुपाल्चोक

☎ : ०११-६२०१०६
☎ : ०११-६२०१३३

पत्र संख्या : प्र.०७६ / ७७

## प्रेस विज्ञप्ती

विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोरोना भाइरस (COVID-19) को संभावित संक्रमण रोकथाम तथा नियन्त्रणका लागि यस जिल्लाभित्र उच्च सावधानी अपनाइ नेपाल सरकारको निर्णय र निर्देशन अनुरुप काम भैरहेको सबैमा विदितै छ । यसै सन्दर्भमा आज प्रमुख जिल्ला अधिकारी **श्री उमेश कुमार ढकालज्यूको** अध्यक्षतामा बसेको **District Covid-19 Crisis Management Center (DCCMC)** को बैठकले निम्नानुसारका निर्णयहरु गरेको व्यहोरा सर्वसाधारणका लागि यसै प्रेस विज्ञप्ती मार्फत जानकारी गराइएको छ ।

छलफल तथा निर्णयहरु :-

१. चौतारा अस्पतालमा रहेको इर्खु स्वास्थ्य चौकीको COVID-19 Dedicate Ambulance नियमीत संचालनको लागी यस अघि भएको सम्झौता बमोजिमको रकम नपाएको भएमा उक्त सम्झौता बमोजिम हुने गरी आवश्यक आर्थिक व्यवस्थापन सम्पर्क उप-समितिको कोषबाट मिलाउन जिल्ला समन्वय समिति सिन्धुपाल्चोकलाई अनुरोध गर्ने ।
२. इन्द्रावती गाउँपालिका अन्तर्गत ऐसेलुखर्क क्वारेन्टाइनमा भारतबाट आई मिति २०७७।०३।२१ गते देखि बसेका इन्द्रावती ४ निवासी २० बर्षिय पूरुषको मिति २०७७।०३।२८ मा कोभिड-१९ को RTPCR विधिबाट परिक्षणको नमुना पठाइएकोमा कोभिड-१९ संक्रमित भएको पाइएकोले निजलाई मेलम्ची स्थित आइसोलेसनमा पठाउने र निजको सम्पर्कमा आएका व्यक्तिहरुको खोज पड्ताल (Contact Tracing) स्थानीय CICTT बाट गर्ने ।
३. चौ.सा.गढी.न.पा वडा नं. १ स्याउले स्थाई ठेगाना भएका २०७७।०२।२६ गते चौतारा अस्पतालमा सल्यक्रियाबाट जन्मेका शिशुलाई वान्ता हुने विरामी भई उपचारको लागी २०७७ असार २७ मा कान्ति बाल अस्पताल काठमाडौं लगेकोमा मिति २०७७ असार २८ मा नमुना परिक्षण गर्दा कोभिड-१९ संक्रमित देखिएकोले निजलाई अस्पताल लिएर जाने शिशुको आमा र ठुलोबाबुको Contact Tracing स्वास्थ्य कार्यालय काठमाडौं सँग समन्वय गरी काठमाडौंमा गर्ने, संक्रमित शिशुलाई सशस्त्र प्रहरी बल अस्पताल बलम्बुको आइसोलेसनमा पठाइएको र निजको घरपरिवार तथा चौतारा अस्पतालमा चौ.सा.गढी.न.पा र चौतारा अस्पतालको समन्वयमा Contact Tracing र सम्पर्कमा आएकाको नमुना संकलन गरी परिक्षणको लागी पठाउने ।

मितिः २०७७।०३।३१

२०७७.०३.३१

सुनिता पहरी
प्रशासकीय अधिकृत

निवेदन / 1

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिन्धुपाल्चोक

☎ : ०११-६२०१०६
☎ : ०११-६२०१३३

पत्र संख्या : प्र.०७६/७७

# प्रेस विज्ञप्ति

आज मिति २०७७/०३/२९ गतेका दिन प्रमुख जिल्ला अधिकारी श्री उमेश कुमार ढकालज्यूको अध्यक्षतामा को जिल्ला विपद् व्यवस्थान समिति, कमाण्ड पोष्टको बैठकले निम्नानुसारका निर्णयहरु गरेको व्यहोरा सर्वसाधारणका लागि यसै प्रेस विज्ञप्ती मार्फत जानकारी गराइएको छ ।

छलफल तथा निर्णयहरुः-

१. मिति २०७७/०३/३१ मा आपतकालीन आश्रय स्थल/शिविर व्यवस्थापन समिति क्षेत्रको बैठकले गरेको निर्णयहरुः- क्षति तथा विस्थापितहरुको विवरण सर्वेक्षण गर्ने र स्थानीय तहहरुको समन्वयमा सुरक्षित स्थानको पहिचान गरी शिविर व्यवस्थापन गर्ने साथै शिविर व्यवस्थापनका लागि आवश्यक सामग्री सहयोगको लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गै.स.स. हरुलाई अनुरोध गर्ने निर्णयहरुलाई अनुमोदन गर्ने ।

२. स्थानीय विपद् व्यवस्थापन समिति, नजिकको सुरक्षा युनिट, नेपाल रेडक्रस सोसाइटी लगायतका निकायहरुको समन्वयमा IRA प्रतिवेदन अन्तिम रुप दिने र MIRA को काम शुरु गर्ने ।

३. मेलम्ची खानेपानी आयोजनाको सुरुङको परीक्षण गर्ने क्रममा एउटा गेटको भल्बमा समस्या आई दुखद दुर्घटना हुन जाँदा वेपत्ता हुनु भएका व्यक्तिहरुको खोजी कार्यलाई सम्बन्धित आयोजना र सुरक्षा निकायहरुको पहलमा तदारुकता दिने ।

मितिः- २०७७/०३/३१

२०७७.०३.३१
सुनिता पहरी
प्रशासकीय अधिकृत